आज मिति २०७६/०१/०५ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३५ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री मान बहादुर खड्का.................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

नगर कार्यपालिकाको ३५ औ बैठकका प्रस्ताव तथा निर्णयहरु

**मिति : २०७६/०१/०५**
**समय : बिहान ८ :०० बजे**

**निर्णय नं. १ : प्रस्ताब नं . १** माथि छलफल गर्दा नगरपालिकाले चालु आर्थिक बर्षमा मुख्य प्रशासनिक भवन निर्माण शिर्षकमा रु ५०,००,०००/- बिनियोजन गरेकोमा रु ५,००,०००/- मा नबढ्ने गरी DPR तयार गर्ने निर्णय भइ सकेको, वडा कार्यालय भवन निर्माण शिर्षकमा रु ६०,००,०००/- बिनियोजन भएको भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडी बढी सकेको, भवन निर्माण कार्यका लागि विनियोजित रकम र समय सीमा समेत कम हुने देखिएकोले नगरपालिकाको मुख्य प्रशासनिक भवन तथा ४ नं . वडा कार्यालय भवन निर्माण योजनालाई बहुबर्षीय योजनामा समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २ : प्रस्ताब नं . २** माथि छलफल गर्दा खानेपानीको श्रोतको दीगो ब्यबस्थापन गर्न सामुदायिक वनसंगको सहकार्यमा सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण शिर्षकमा रु १०,००,०००/- बिनियोजन भएकोमा उक्त कार्य गर्न श्री गुम्फा महभिर लिटे सामुदायिक वन उपभोक्ता समितिको प्रस्ताब पेश हुन आएकोमा हाल विनियोजित रकमबाट रिचार्ज पोखरी निर्माण गर्न इच्छुक अन्य सामूदायिक वनहरु समेतको लागत सहभागितामा लागत इस्टिमेट हेरी रु २,००,०००/- देखि रु ३,००,०००/- सम्म नगरपालिकाले उपलब्ध गराउने गरी पानी रिचार्ज पोखरी निर्माण गर्न कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताब नं . ३ माथि छलफल गर्दा यस नगरपालिकाको फोहोर मैला ब्यबस्थापनको कार्यलाई थप ब्यबस्थित गर्दै लाने नीति अनुरुप यस नगरपालिकाले फोहोर मैला ब्यबस्थापनको कार्य निजि क्षेत्रलाई हस्तान्तरण गर्ने सम्बन्धमा सबै भन्दा कम दरमा काम गर्न इच्छुक ए.डी.बि. फोहरमैला प्रोसेसिंग एण्ड अर्गानिक मल उत्पादन केन्द्र भी. न. पा. ७ लाई मिति २०७६ बैशाख महिना बाट लागु हुने गरि फोहरमैला ब्यबस्थापनको कार्य **सम्झौता पत्र बमोजिम** आगामी आ.ब. ७८/७९ सम्मका लागि निजि क्षेत्रलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताब नं . ४ माथि छलफल गर्दा यस नगरपालिकाको पुनः संरचना सगै नगरपालिकाको बिबिध कार्यहरु निर्वाचित जन प्रतिनिधिद्वारा सम्पादन गर्नुपर्ने ब्यबस्था स्थानीय सरकार संचालन ऐन, २०७४ मा रहेको र निर्वाचित जनप्रतिनिधिहरुको समय सापेक्ष नेतृत्व क्षमता बिकासका लागि उदघोषण तथा नेतृत्व बिकास तालीम संचालन गर्नुपर्ने भएकोले उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण शिर्षक बाट रु १५०,०००/- ( एकलाख पचास हजार मात्र ) खर्च व्यहोर्ने गरी ३ दिने प्रस्तुतीकरण कला तथा नेतृत्व बिकास तालिम निर्वाचित जनप्रतिनिधिहरूका लागि संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ : प्रस्ताब नं .५** माथि छलफल गर्दा यस नगरपालिकाको प्रशासनिक भवन तल्ला थप योजाना मिति २०७५ भाद्र मसान्तसम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा बस्ती निर्माण सेवाले उक्त कार्य समयमै सम्पन्न गर्न नसकी म्याद थपका लागि मिति २०७५/०५/१० मा निवेदन दिएको र कार्य सन्तोष जनक नभएकोले म्याद थप समेत भइ नसकेको अवस्थामा उक्त निर्माण सेवाले कार्यालय को Estimate भन्दा बढी अंक कबुल गरेको Item मात्र को काम गरेको रबाँकी काम लागत Estimate भन्दा कम दरमा हालेकोले निजको ठेक्का रद्द गरि कार्यान्वयन

गराउन थप रकम आवश्यक पर्ने भएकोले प्राविधिकको प्रतक्ष्य निगरानीमा उक्त कार्य सम्पादन गर्ने गरी मिति २०७६ साल  जेष्ठ मसान्त सम्मको लागि  म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६: प्रस्ताब नं .६** माथि छलफल गर्दा  यस नगरपालिकाले सामुदायिक बिद्यालय र सस्थागत बिद्यालय बीचको विभेद हटाउदै समान शिक्षाको  अवधारणा कार्यान्वयनका लागी प्राथमिक तहदेखिनै  अंग्रेजी माध्यम बाट अध्यापन गराउन प्राथमिक तहका शिक्षक शिक्षिकालाई अंग्रेजी अध्यापन क्षमता अभिबृदी तालिम संचालनका लागि स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमबाट रु ६,५०,०००/  (छ लाख पचास हजार मात्र ) बिनियोजन गर्ने निर्णय गरियो ।

**बिबिध . ७**

७.१) नगर स्तरीय महिला अधिकार मंचले विभेद विरुद्वको अभियान संचालनका लागि पेश गरेको प्रस्ताव कार्यान्वयनका लागि सुत्केरी महिला पोषण कार्यक्रमबाट रु १,००,०००/-( एक लाख मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.२) परिवर्तन, नेपाल, दोलखाले उद्यमशिलता र व्यवसायिक योजना तर्जुमा सम्वन्धी कार्यका लागि पेश गरेको प्रस्ताव कार्यान्वयनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण  शिर्षक बाट रु १५०,०००/- ( एकलाख पचास हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.३) कालिन्चोक सामुदायिक एफ.एम. १०६.४ मेगाहर्ज कार्यक्रम प्रमुख गायत्री आचार्यले कालिन्चोक छलफल कार्यक्रमका लागि पेश गरेको  प्रस्ताव कार्यान्वयनका लागि रेडियो तथा पत्र पत्रिका शिर्षक बाट रु १५०,०००/- ( एकलाख पचास हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.४) बहुउदेश्यीय उत्पीडित उत्थान विकास मंच, दोलखाले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि सरोकारवालाको भूमिका  विषयक  प्रस्ताव कार्यान्वयनका लागि नगरलाई जातीय विभेद मुक्त अभियान कार्यक्रम शिर्षक बाट रु २,००,०००/- ( दुइ लाख मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.५ ) नेपाल पुष्प उत्पादन महिला समूह, भी.न.पा. २ का अध्यक्ष गीतादेवी श्रेष्ठले भी.न.पा. २ पाखलती स्थित इन्द्र सिंह देव पार्क मर्मत तथा पुष्प व्यवस्थापन कार्यक्रमका प्रस्ताव कार्यान्वयनका लागि पुष्प नर्सरी तथा अर्नामेंन्टल बिरुवा नर्सरी विकास कार्यक्रम शीर्षकबाट रु १,००,०००/-( एक लाख मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.६) भी.न .पा. ५ मा रहेको सिंचाई मर्मतका लागि पुण्य प्रसाद सुबेदीले पेश गरेको विभिन्न पाइप खरिद तथा मंगाल निर्माण योजना कार्यान्वयनका  लागि मर्मत सुधार शीर्षकबाट रु ५ ०,०००/-( पचास हजार  मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.७) दोलखा युनेस्को महिला समाज चरिकोटले ढाकाको खादा बनाउने अभिमुखीकरण कार्यक्रम संचालन गर्न प्रस्ताव  कार्यान्वयनका  लागि संघ सस्था समन्वय तथा नियमन शीर्षकबाट रु ७५ ,०००/-(पचहत्तर  हजार  मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.८ ) महिला उत्थान केन्द्र, चरिकोटका सचिव सुजाता शिवाकोटी एकल महिलाको पहिचान तथा भेला कार्यक्रम, प्रस्ताव कार्यान्वयनका  लागि  महिलासंग उपमेयर शीर्षकबाट रु १,० ०,०००/-( एकलाख   मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

७.९) अपाङ्गता परिचयपत्र वितरण कार्यविधि २०७५, स्वीकृत गर्ने निर्णय गरियो ।

७.१०) पूर्ण अपाङ्ग भई अरुको सहयोगमा मात्र जिउन सक्ने व्यक्तिका सहयोगीलाई प्रति व्यक्ति एकमुष्ट रु ५०००/- (पाच हजार मात्र ) घरमै गई अबस्था हेरी उपलब्ध गराउने निर्णय गरियो ।

७.११ ) यस नगरपालिका वडा नं ३ को वडा बजेटबाट बिनियोजन भएको "च्यानडाडा ब्यबस्थापन " योजना कार्यान्वयन हुन नसक्ने भनि ३ नं वडा कार्यालयले उक्त योजना परिवर्तन गरिदिन सिफारिस गरेको "चरिघ्यांग – टुकीसंघ कार्यालय जाने बाटोमा ह्युम पाईप सहितको सडक निर्माण योजनामा " परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**७. १२)** सेतिदेबी प्राथमिक बिद्यालय भिमेश्वोर ९ भण्डारेमा बिद्यालय हातामा पशु चौपाया प्रवेश गरि क्षेती पुर्याएकोमा बिद्यालय प्रवेशद्वार तथा घेराबार गर्न ससाना पूर्वाधार निर्माण शिर्षकबाट रु १,००,०००/-(एक लाख मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

**७. १३)** यस नगरपालिका वडा नं ६ बस्ने भगवान प्रसाद न्यौपानेले भिमेश्वोर ६ रामकोट स्थित भोटेखोला सिचाईमा २०७२ सालको भूकम्पले क्षति पुर्याई सिचाई अवरुद्ध भएकोले पुन सुचारु गर्न माग गरेकोमा उक्त सिचाई मार्मत्का लागि जनतासंग मेयर कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**७. १४ )** :यस कार्यालयको स्वीकृत बार्षिक कृषि तथा पशुपालन कार्यक्रममा विनियोजित रकम बाट देहाए बमो जिमका तालिम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रु | कैफियत |
|---|---|---|---|
| १ | अर्ग्यानिक खेति प्रबर्धन / बिषादी ब्यबस्थापन | १,००,०००/- | एकलाख |
| २ | पशुपन्छी पालन तथा ब्यबसायिक कुखुरा पालन | १,००,०००/- | एकलाख |

**७.१५)** :यस नगरपालिकाको आ.वा. ०७५/७६ को स्वीकृत अगुवा कृषक अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत नगर उपप्रमुखको संयोजकत्वमा प्रत्यक वडाका कृषि संयोजक सहित वडा अध्यक्षले सिफारिस गरेका २ जना अगुवा कृषक, १ /१ जना कृषि तथा पशु सेवा प्राबिधिक सहित ३० जनाको टोली उपुक्त समय र स्थानमा प्रस्ताब पत्र बमोजिम अवलोकन भ्रमणमा पठाउने निर्णय गरियो ।

**७.१६)** : यस नगरपालिकाको आ.वा. ०७५/७६ को स्वीकृत कार्यक्रम बमोजिम देहाएका कार्यक्रम संचालन गर्न देहाएका कृषक , कृषि फर्म ,कृषक समूहलाई छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | छनौट भएको ब्यबसाय | विनियोजित रु |
|---|---|---|---|
| १ | एक्ले पाखा पात्ले पोखरी सामुदायिक वन उपभोक्ता समूह ,भिमेश्वोर ९ | लोठ सल्ला तथा अन्य लोपोन्मुख बनस्पतिको बिरुवा उत्पादन | १,००,०००/(एक लाख ) |
| २ | देउराली कृषक समूह , भिमेश्वोर १ | लोठ सल्ला तथा अन्य लोपोन्मुख बनस्पतिको बिरुवा उत्पादन | २,००,०००/-(दुई लाख ) |

| | | | |
|---|---|---|---|
| ३ | गोर्ख बहादुर बस्नेत, भिमेश्वोर ८ | लोठ सल्ला तथा अन्य लोपोन्मुख बनस्पतिको बिरुवा उत्पादन | १,००,०००/-(एक लाख ) |
| ४ | तिलोत्तमा हिमाली फूड प्रोडक्सन एण्ड रिसर्च सेन्टर प्रा.लि. भिमेश्वोर ८ | फलफुल र पुष्प नर्सरी | ५,००,०००/(पाच लाख ) |
| ५ | हिमालयन एग्रिकल्चर एण्ड लाइभस्टक रिसर्च फार्म प्रा.लि. भिमेश्वोर ७ | लोठ सल्ला तथा अन्य लोपोन्मुख बनस्पतिको बिरुवा उत्पादन | १,००,०००/-(एक लाख ) |
| ६ | धनाजित कृषि फर्म | घाँस उत्पादन | १,००,०००/-(एक लाख ) |

७.१७ : चालु आ.व. ०७५/७६ का लागि संघीय सरकारबाट यूवा शिप तथा उद्यमशिलता बिकास कार्यक्रम संचालनका लागि प्राप्त रु ५,००,०००/- ( पाँचलाख ) बाट यूवाहरुलाई स्वरोजगार लक्षित तीन महिने हाउस वायरिंग तालिम सन्चालन गर्न दोलखा बहु उदेश्यीय तालिम सस्थाले पेश गरेको प्रस्ताबलाई स्वीकृत गरी उक्त तालिम संचालन दोलखा बहुउद्धेश्यीय तालिम सस्थालाई एकमुष्ट रु रु ५,००,०००/- ( पाँचलाख ) उपलब्ध गराउने गर्ने निर्णय गरियो।

७.१८:.यस नगरपालिका वडा नं. ७ स्थित बाहुनी खोलाले बर्षाको समयमा बिशाल रुप लिई पैदल आवागमन गर्न कठिन हुने भनि वडा नं. ७ बाट उक्त स्थानमा RCC स्ल्याब ढलान गरि मानिसहरुको आवागमनलाई सहज पार्न प्राबिधिक Estimate सहित पेश भएकोमा उक्त RCC स्ल्याब ढलान कार्यका लागि जनतासंग मेयर कार्यक्रमबाट रु १,२०,०००/-(एकलाख बिस हजार मात्र )उपलब्ध गराउने निर्णय गरियो।

७.१९) यस नगरपालिका वडा नं .४ को डिही –बादी –तामाकोशी सडक बाँकी खण्डको अधुरो रहेको खण्ड उक्त सडक निर्माण पश्चात ढुङ्गा,बालुवा ल्याउन सकिने देखिएकोले प्राबिधिक स्टिमेट तथा कामको मुल्यांकन बमोजिम अन्य थप हुने शीर्षकबाट आगामी नगर सभाबाट अगुमोदन गराउने गरि रु ११,२०,०००/-( एघार लाख बीस हजार मात्र ) उपलब्ध गराई उक्त सडक निर्माण सम्पन्न गर्ने ।

७.२०.देहायका संस्थालाई निम्न कार्यका गर्नका लागि उपलव्ध गराएको रकम अनुमोदन गर्ने निर्णय गरियो।

क) दोलखा जिल्ला फुटबल संघले सिन्धुपाल्चोक जिल्लाको पाखरमा आयोजित फुटबल खेलमा सहभागी भई पाखर कप जित्न सफल भएकोले खेलकुद विकास शीर्षकबाट उपलव्ध गराएको रकम रु ४०,०००/-( चालिस हजार मात्र )।

ख) नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा दोलखालाई आपतकालीन व्यवस्थापनका लागि विपद व्यवस्थापन शीर्षकबाट उपलव्ध गराएको रु ४०,०००/-/-( चालिस हजार मात्र )।

ग ) कुसिपा राम्पा खानेपानी उपभोक्ता समितिका अध्यक्ष कृष्ण प्रसाद सुबेदीले उक्त क्षेत्रका ४८ घरधुरीले प्रयोग गरी रहेको खानेपानी ट्यांकी निर्माण तथा मर्मतका लागि अनुरोध गरी दिएको निबेदनमा जनतासंग मेयर कार्यक्रमबाट रु २,००,०००/- (दुई लाख मात्र ) उपलब्ध गराउने।

घ ) बालकृष्ण थपलिया भीमेश्वर १ लाई नेपालको चिनारी नामक पुस्तक प्रकाशन गर्न सहयोग स्वरुप रेडियो पत्रपत्रिका शीर्षकबाट उपलब्ध गराईएको रु ५००० /-(पाच हजार मात्र )।